गैडहवा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गैडहवा ३ विष्णुपुरा रुपन्देही

## सेनेटरी प्याड खरिद सम्बन्धी शीलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७७।०२।१०

१. यस कार्यालय अर्न्तगतका सम्पूर्ण सामुदायिक बिद्यालयहरुमा चालु आ.ब.२०७६/०७७ मा संघिय सरकारबाट यस गा.पा.को सशर्त तर्फको निःशुल्क वितरण गर्न सेनेटरीप्याड शिलबन्दी बोलपत्रद्वारा खरिद गर्नु पर्ने भएकोले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र बोलपत्र फारम दस्तुर रु.१,०००।-(अक्षरुपी एक हजार मात्र)पछि फिर्ता नहुने गरि तिरी खरिद गर्न चालु आ.व.को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, सेनेटरीप्याड व्यबसायी प्रमाणपत्र, आयकर दर्ता तथा मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब. २०७५/०७६ को कर चुक्ता प्रमाणपत्र संलग्न गरी रु.१०।- को टिकट टाँसी यस कार्यालय, रुपन्देहीमा निवेदन पेश गरी बोलपत्र फाराम खरिद गर्न इच्छुक व्यक्ति वा फर्मको जानकारीको लागी यो बोलपत्र आव्हान गरिएको छ।

२. बोलपत्र पेश गर्दा कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको र कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन।

३. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र आफूले खरिद गरेको बोलपत्र रीतपूर्वक भरी यस कार्यालयमा सिलबन्दी साथ दर्ता गराइसक्नु पर्नेछ। दर्ता भएका बोलपत्रहरु सोही दिनको ठिक २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोवहरमा यस कार्यालयमा खोलिनेछन्। बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ।

४. बोलपत्र दर्ता गर्दा सूचनामा तोकिए अनुसारको जमानत वापतको २.५ प्रतिसत रकम दाखिला गरेको सक्कलै भौचर यस गाउँपालिका कार्यालयको **कृषि बिकास बैङ्क, लुम्बिनी शाखाको कार्यालय कोड नं. ३७-३६५-२० धरौटी खाता नं. ०४१४९०११५३७४७०४१** मा जम्मा गरेको सक्कलै भौचर र बोलपत्र खुल्ने मितिबाट ९० दिन म्याद भएको बैंक ग्यारेन्टी (विड बन्ड) बोलपत्रसाथ पेश गर्नुपर्नेछ। विदेशी बैंकको Bank Guarantee भएमा नेपाली बैंकबाट Endorse भएको हुनु पर्नेछ। स्वीकृत बोलपत्रदाताले स्वीकृत जम्मा अंकको ५% ले हुने रकम माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा नगद सोही अनुसार यस कार्यालयको नाममा जारी भएको पर्फमेन्स बण्ड संझौता गर्नु अगावै पेश गर्नु पर्नेछ। नगद धरौटी राखिएकोमा पर्फमेन्स बण्डमा परिवर्तन गर्न पाइने छैन।

५. संझौता हुदा सेनेटरीप्याडको परिमाणमा थपघट हुन सक्नेछ। साथै बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

६. कार्यालय हातासम्म सामान ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु बोलपत्र दाताले नै ब्यहोर्नु पर्नेछ।

७. आपूर्ति हुने सेनेटरीप्याडको Expiry Date स्टोर दाखिला हुने समयमा कम्तिमा १८ महिना बाँकी हुनु पर्नेछ। तर कुनै सेनेटरीप्याडको Expiry Date १८ महिना भन्दा कम हुने अबस्थामा कुल Expiry Date को ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेछ।

८. एक आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको प्रमाण पाईएमा त्यस्तो बोलपत्र स्विकृत गरीने छैन

९. बोलपत्र फारममा रकम उल्लेख गर्दा अंक र अक्षर दुबैमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईनेछ। केरमेट भएको खण्डमा त्यस्तो ठाउँमा आधिकारीक दस्तखत गरेको हुनुपर्नेछ।

१०. बोलपत्रको प्रत्येक पानामा बोलपत्रदाताको आधिकारिक व्यक्तिको सही र छाप अनिवार्य रुपमा लागेको हुनु पर्नेछ।

११. एक विक्रेताको नाममा विक्रि भएको बोलपत्र अर्को विक्रेताको नाममा दाखिला (दर्ता) गर्न पाईने छैन।

१२. बोलपत्र पेश गर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट पेश गर्नुपर्नेछ।

१३. आ.व.०७६।०७७ का लागी सेनेटरीप्याड खरिदमा थप रकम व्यवस्था भई आएमा यसै दर रेट अनुसार खरिद हुनेछ। बोलपत्रमा पेश गरेको मूल्य यस आ.व.का लागी भएकोले आ.व.०७६।०७७ आषाढ मसान्तसम्म कुनै प्रकारको मूल्यवृद्धिलाई स्वीकार गरिने छैन।

१४. बोलपत्र फारम खरिद गर्न स्वयं बोलपत्रदाता उपस्थित हुन नसकेमा मञ्जुरीनामाबाट पनि गर्न सकिने छ तर त्यस्तो मञ्जुरीनामा एक फर्मको लागि एक व्यक्तिलाई मात्र हुनेछ।

१५. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ को संसोधन सहित प्रचलित नेपालको कानून अनुसार हुनेछ।

१६. बोलपत्रद्धारा खरीद गरीने सेनेटरीप्याडको सूँची यस कार्यालयवाट प्राप्त गर्न सकिनेछ।

१७. बोलपत्र सम्बन्धी अन्य आवश्यक कुराहरु बुझ्नुपरेमा कार्यालय समय भित्र कार्यालयको शिक्षा शाखामा सम्पर्क राखी बुझ्न सकिने छ।

**तपसिल**

| सि. नं | बोलपत्र नं | बिबरण | ईस्टिमेट अंक रु मू अ बृ क समेत. | दरभाउपत्र तथा बोलपत्र फारम दस्तुर रु | जमानत रकम रु. | दर( मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १/०७६/०७७ GRM शिक्षा | **सेनेटरीप्याड** खरिद | १९,९२,०००।- | रु १०००।० | २.५% | ३८.९८ प्रति प्याकेट (1x8 pcs) | |

(प्रमुख प्रशासकिय अधिकृत)

चिरञ्जीवी अधिकारी
प्रमुख प्रशासकीय अधिकृत